# फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्या: १९

मिति: २०८२/०२/१८

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिल:

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

CamScanner

प्रस्ताव पेश गर्न स्वीकृत मिति: २०८२/०२/१८

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा।

२. वडागत बजेट सिलिङ स्वीकृती तथा योजना छनौट सम्बन्धमा।

३. जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा।

४. जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा।

५. ह्युम पाइप खरिद सम्बन्धमा।

<u>निर्णयहरु:</u>

| | |
|---|---|
| प्रस्ताव नं.१. | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वियनको समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१. | अघिल्लो कार्यपालिको निर्णय कार्यान्वियनको शाखागत समिक्षा भयो। कार्यान्वियन गर्न बाकी रहेका निर्णयहरुको कार्यान्वयन गर्न सबै निकाय तदारुकताका साथ लाग्ने निर्णय गरियो। |
| प्रस्ताव नं.२. | वडागत बजेट सिलिङ स्वीकृती तथा योजना छनौट सम्बन्धमा। |
| निर्णय नं.२. | प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०२/१८ गते विहान बसेको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुसार वडा सिमा निर्धारण गर्ने निर्णय गरियो। साथै वडागत रुपमा योजना छनौट टोल टोलमा गएर जेठ मसान्त भित्र गाउँपालिकामा उपलब्ध गराउने निर्णय गरियो। |
| प्रस्ताव नं.३. | जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा। |
| निर्णय नं.३. | प्रस्ताव नं. २ माथि छलफल गर्दा मालपोत कार्यालय इलाम र मंगलबारेको मिति २०८२/०१/१९ को पत्र अनुसार तपसिल बमोजिम वडाको देहाय बमोजिम संशोधन गर्ने र अन्यको हकमा साविक आ.व.२०८१/८२ कै बमोजिम गर्ने निर्णय गरियो।<br><u>तपसिल:</u><br>वडा नं. ६ को साविक एकतप्पा ४ कि.नं. २२०/ ४ख को हकमा प्रति आनाको ९७१००।- को सट्टा प्रति रोपनी १३४०००।– कायम गर्ने र बाकी जग्गाको हकमा गत आ.व. २०८१/८२ को न्यूनतम मूल्याङ्कन नै कायम गर्ने।<br><br>साथै अन्य वडाको हकमा यथावत राख्ने निर्णय गरियो। |
| प्रस्ताव नं.४ | जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा। |
| निर्णय नं.४. | प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा सञ्चालन हुने जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि प्रत्येक वडाबाट सबैभन्दा जेष्ठ नागरिक ३/३ जनाको नामथर ठेगाना नागरिकता प्रतिलिपि सहित ३ दिन भित्र गाउँपालिकामा सिफारिस गर्ने निर्णय गरियो। |

| | |
|---|---|
| प्रस्ताव नं.५. | ह्युम पाइप खरिद सम्बन्धमा। |
| निर्णय नं.५. | प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाका विभिन्न सडक खोल्सीहरुमा भेल बाढी बग्न गइ सवारी आवागमनमा समस्या सिर्जना भएकोले ३५० mm मिटर विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो। |